आज मिति २०७७/०९/०५ गते आईतवारका दिन सिरहा जिल्ला समन्वय समितिका प्रमुख तथा नदीजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन समितिका संयोजक श्री रामचन्द्र ठाकुर ज्यूको संयोजत्वमा देहायका सदस्यहरुको उपस्थितिमा नदिजन्य पदार्थहरुको उत्खनन् सङ्कलन तथा बिक्री सम्बन्धि विषयमा बैठक बस्यो ।

उपस्थिति:

| सि.नं. | पद | नाम थर | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | जि.स.स.प्रमुख | श्री रामचन्द्र ठाकुर | जिल्ला समन्वय समिति सिरहा | |
| २ | जि.स.स.उपप्रमुख | श्री सरोज कुमार यादव | जिल्ला समन्वय समिति सिरहा | |
| ३ | नगर प्रमुख | श्री हरिनारायण चौधरी | धनगढीमाइ न.पा, सिरहा | |
| ४ | नगर प्रमुख | श्री देवनाथ साह | गोलबजार न.पा, सिरहा | |
| ५ | नगर प्रमुख | श्री श्रवण कुमार यादव | मिर्चैया न.पा, सिरहा | |
| ६ | नगर प्रमुख | श्री गंगा पासवान | कर्जन्हा न.पा, सिरहा | |
| ७ | नगर प्रमुख | श्री मुनी साह | लहान न.पा, सिरहा | |
| ८ | प्रमुख जिल्ला अधिकारी | श्री प्रदिपराज कणेल | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| ९ | प्रहरी उपरीक्षक | श्री उमा शंकर पंजियार | जिल्ला प्रहरी कार्यालय, सिरहा | |
| १० | स.प्र.उ. | श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा | |
| ११ | उप.अनु.नि. | श्री तुलसीराम प्रसाई | जि.रा.अनु.का, सिरहा | |
| १२ | ईन्जिनियर | श्री ध्रुव नारायण साह | पूर्वाधार विकास कार्यालय, सिरहा | |
| १३ | कोष प्रमुख | श्री यमनाथ गिरी | कोष तथा लेखा नियन्त्रक का.सिरहा | |
| | | | | |
| | | | | |
| | जिल्ला समन्वय अधिकारी | श्री सुजीत कुमार यादव | जिल्ला समन्वय समितिको का. सिरहा | |

Scanned with CamScanner

निर्णय नं. १

जिल्ला प्रशासन कार्यालय सिरहाको मिति २०७७।०८।०८ को बैठकको निर्णयानुसार यस सिरहा जिल्लामा संचालित बिभिन्न बालुवा प्रशोधन तथा ढुङ्गा, गिट्टी क्रसर उद्योगमा रहेको स्टोकको परिमाण मिति २०७७/०८/१७ गते सम्म जिल्ला समन्वय समितिले लिइसकेको उक्त परिमाण क्रसर उद्योग व्यवसीहरुले १ महिना भित्रमा अनिवार्य रुपमा बिक्री वितरण गरिसक्नु पर्ने साथै उक्त परिमाण भन्दा बढी बिक्री वितरण भएको नहुने सोको लागि सम्वन्धित स्थानीय तह र नजिकको प्रहरी ईकाइले अनुगमन गर्ने व्यवस्था मिलाउने । अवैध क्रसर उद्योगहरु बन्द गर्ने समेत निर्णय गरियो ।

निर्णय नं. २

सम्बन्धित स्थानीय तहको सिफारीसमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" बमोजिम निर्धारित मापदण्ड अनुसार नदीजन्य पदार्थ उत्खनन् गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस जिल्लामा मापदण्ड विपरीत संचालित क्रसर उद्योगहरु बन्द गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

अनिवार्य रुपमा होडिङ्ग बोर्ड राख्ने सो बोर्डमा खानीको नाम, ठेकेदारको नाम, ठेगाना, मोबाइल नं., संचालन अवधि समेत अनिवार्य रुपमा देखिने गरि राख्ने तथा सोको अनुगमन सम्वन्धित स्थानीय तहले गर्ने निर्णय गरियो ।

२०७७।८।५

जिल्ला समन्वय अधिकारी

Scanned with CamScanner